## १. बालअधिकार भनेको के हो ?

बालअधिकार भनेको बालबालिकाका लागि लागू हुने विशेष अधिकार हो। गर्भदेखि बालक रहुन्जेलसम्म उपभोग गर्न पाउने सबै अधिकारहरू बालअधिकारभित्र पर्दछन्। वालअधिकारभित्र नाम र राष्ट्रियताको अधिकार, आमाबाबुसंग बसोबास गर्ने अधिकार, पारिवारिक पुनर्मिलनको अधिकार, बालबालिकाको विचार प्रकट गर्न पाउने अधिकार, शिक्षाको अधिकार आदि पर्दछन्।

## २. बालबालिका भन्नाले कसलाई बुझ्नाउँछ?

बालअधिकार सम्बन्धी महासन्धी, १९८९ को धारा १ ले बालबालिका भन्नाले बालबालिका सम्बन्धी कानूनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई सम्झनुपर्छ भनी परिभाषित गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा २ (क) मा १६ वर्ष उमेर नपुगेका व्यक्तिलाई बालबालिकाको रूपमा परिभाषित गरिएकोले हाम्रो सन्दर्भमा बालबालिका भन्नाले १६ वर्षभन्दा कम उमेरका व्यक्तिलाई बुझाउँछ।

## ३. बालबालिकासम्बन्धी छुट्टै कानूनी व्यवस्था किन आवश्यक हुन्छ ?

बालबालिकाहरू कलिलो उमेरका हुने हुँदा उनीहरूले आफ्नो हित र अहितको विषयमा आफै निर्णय गर्न नसक्ने हुँदा निजहरूका हितका विषयमा निर्णय गर्नको लागि राज्य तथा अभिभावकको महत्वपूर्ण भूमिका रहने हुन्छ। त्यसैले बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक एवं बौद्धिक विकास गर्नको लागि नै बालबालिका सम्बन्धी छुट्टै कानूनको आवश्यकता परेको हो। यही वास्तविकतालाई अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरबाट मध्यनजर गरी बालबालिकासम्बन्धी कानूनहरूको निर्माण भएको छ।

## ४. नेपालको संविधानमा बालबालिकाका के कस्ता अधिकारहरू रहेका छन् ?

नेपालको संविधानमा देहाय बमोजिमका अधिकारहरू रहेका छन्:

- ❖ आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने,
- ❖ परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने,
- ❖ प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने,
- ❖ कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने,
- ❖ बालविवाह, गैरकानूनी ओसारपोसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने,
- ❖ सेना, प्रहरी वा शसस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा साँस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने,
- ❖ घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने,
- ❖ बाल अनुकूल न्यायको हक हुने,
- ❖ असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्दपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने,
- ❖ बालबालिकाको हक अधिकार विपरितका कार्य कानूनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने,

## ५. बालबालिकाको पानलपोषण, शिक्षादिक्षा तथा स्वास्थ्योपचारमा अभिभावकको के कस्तो कर्तव्य हुन्छ?

- ❖ जन्मेपछि बाबुआमाले र बाबुआमा नभए परिवारमा अन्य सदस्यले आनो धर्म, सँस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्ने,
- ❖ बाबुआमा वा परिवारको कुनै सदस्य नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने,
- ❖ बाबुआमाले आनो परिवारको आर्थिक अवस्था अनुसार पालन पोषण गर्नुपर्ने,
- ❖ शिक्षा, स्वास्थोपचार, खेलकूद तथा मनोरञ्जनको सुविधाहरूको व्यवस्था गर्नुपर्ने,
- ❖ बाबु, आमा वा संरक्षकले आफ्ना बालकलाई रोगबाट बचाउन दिनुपर्ने खोपहरू दिलाउनु पर्ने ।
- ❖ सो कार्यमा स्थानीय निकाय तथा नेपाल सरकार सम्बद्ध निकायहरूले सहयोग गर्नुपर्ने,
- ❖ बालकको पालनपोषण, शिक्षा तथा स्वास्थोपचारमा छोरा वा छोरीको आधारमा मात्र कुनै भेदभाव गर्न नहुने,
- ❖ कुनै स्त्री पुरूषको बैवाहिक सम्बन्ध कायम हुनु अघि वा बैवाहिक सम्बन्ध कायम भइसके पछि जन्मेका बालकको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा कुनै भेदभाव गर्न नहुने,
- ❖ आफुले जन्माएको बालक तथा आफुले राखेको धर्मपुत्र वा धर्मपुत्री बीच कुनै किसिमको भेदभाव गर्न नहुने,

## ६. बालबालिकाको विरुद्धमा के कस्तो कार्य गरेमा उजुर गर्न पाइन्छ?

- ❖ बालकको हितको लागि बाबु, आमा, परिवारको सदस्य, संरक्षक वा शिक्षकले बालकको हितको लागि हप्काउने नाममा यातना दिन तथा कुटपिट गरेमा,
- ❖ कसैले आफ्नो वा अरू कसैको बालकलाई किनेर वा कुनै प्रलोभन दिई वा कुनै किसिमको करकाप वा अनुचित प्रभावमा पारी आफ्नो कुनै भाकल वा अन्य कुनै धार्मिक अभिप्राय पूरा गर्ने उद्देश्यले कुनै देवी देवताको नाममा चढाउनु वा समर्पण गरेमा,

- ❖ धार्मिक वा सास्कृतिक रितिस्थितको पालना गर्दा बाहेक बालबालिकालाई भिक्षा माग्ने काममा लगाएमा,
- ❖ कसैले सन्यासी, भिक्षु, वा फकिर बनाउने उद्देश्यले बालबालिकालाई मुड्ने कार्य गरेमा,
- ❖ विवाह गर्दा महिला र पुरूषको उमेर २० वर्ष नपुगी विहावारी गर्न गराएमा,
- ❖ बालबालिकालाई यौनजन्य आशयले शरीरको अंगहरूमा छुन, चलाउन, हातपात गरेमा वा यौनजन्य दुर्व्यवहार गरेमा,
- ❖ बालबालिका सम्बन्धी ऐन, २०४८ प्रारम्भ हुनु अघि सन्यासी भिक्षु वा फकिर बनाइएको बालबालिकाले चाहेमा त्यस्तो भेष त्यागेर पारिवारिक जीवन ग्रहण गर्न सक्दछन्,

## ७. बालबालिकालाई कस्तो सजाय दिन रोक लगाइएको छ ?

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि बालकलाई नेल, हत्कडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे वापत कैदको सजाय पाएमा अन्य उमेर पुगेका कैदीको साथमा राख्न हुँदैन ।

## ८. कस्ता वालबालिकालाई बालसुधार गृहमा राख्नु पर्छ ?

वालसुधार गृहमा पीडकको रूपमा आरोपित बालबालिकालाई राख्नु पर्दछ । विशेषगरी देहायका वालवालिकालाई वालसुधार गृहमा राख्ने गरिन्छः-

- ❖ कुनै कसूरको अभियोग लागि मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानूनबमोजिम थुनामा बस्नुपर्ने बालक,
- ❖ प्रचलित कानूनबमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानुपर्ने बालक,
- ❖ लागू औषधको कुलतमा लागेका बालक,
- ❖ बाबु, आमा वा घरपरिवारबाट भागी हिड्ने बालक,
- ❖ अनैतिक वा अवाञ्छनीय क्रियाकलापमा संलग्न व्यक्तिसँग बसउठ गर्ने वा त्यस्ता व्यक्तिहरूको क्रियाकलापमा सरिक हुने वा तिनीहरूको आम्दानीमा आश्रित रहने बालक,

## ९. बालबालिकालाई के कस्तो पेशामा संलग्न गराउन हुँदैन ?

- ❖ कसैले पनि बालकलाई अनैतिक पेशामा लगाउन वा प्रयोग गर्न हुँदैन,
- ❖ बालकलाई अनैतिक पेशामा लगाउने उद्देश्यले निजको फोटो खिच्न वा खिच्ने अनुमति दिन वा त्यस्तो फोटो वितरण गर्ने वा प्रर्दशन गर्न, कुनै बालकको चरित्रमा आघात पर्ने किसिमको निजको व्यक्तिगत घटना विवरण वा फोटोको प्रकाशन, मुद्रण, प्रदर्शन वा वितरण गर्न हुँदैन,
- ❖ बालकलाई मादक पदार्थको विक्री वितरण वा ओसारपोसार गर्न हुँदैन,

## १०. बालबालिकाको विरुद्धमा लगाइएको फौजदारी अभियोगको अनुसन्धान, तहकिकात, प्रतिरक्षा एवं सुनुवाईका सम्बन्धमा कस्तो प्रक्रिया अपनाउनु पर्छ ?

- ❖ अनुसन्धान तथा तहकिकात गर्न प्रत्येक प्रहरी कार्यालयमा योग्यता पुगेका प्रहरी कर्मचारी भएको छुट्टै इकाई खडा गर्नुपर्ने र त्यस्तो इकाई नभएसम्म कुनै प्रहरी कर्मचारीलाई सो कार्य गर्न तोक्न सक्ने,
- ❖ प्रहरी कर्मचारीले प्रहरीको पोसाक नलगाई साधा पोसाक लगाउनु पर्ने,
- ❖ पक्राउ पर्दाको अवस्थामा प्रहरीले आनो परिचय खुल्ने कागजात देखाउनु पर्ने र पक्राउ गर्नु पर्नाको कारण खुलाउनु पर्ने,
- ❖ पक्राउ परेको बालबालिकालाई निजको संवैधानिक तथा कानूनी हकका बारेमा निजले बुझ्ने भाषामा जानकारी गराउनु पर्ने,
- ❖ बालकको शारीरिक तथा मानसिक स्वास्थ्य जाँच गराउनु पर्ने,
- ❖ सर्जमीन गर्दा बाबु, आमा वा संरक्षक मध्ये कुनै एक जनालाई रोहवरमा राख्नु पर्ने,
- ❖ अनुसन्धान तथा तहकिकातको सिलसिलामा बालबालिकासँग सोधपुछ गर्दा बालमैत्री वातावरण बनाई सहज किसिमबाट सोधपुछ गर्नुपर्ने,
- ❖ बालबालिकासँग सोधपुछ गर्दा निजको बाबु, आमा, संरक्षक, कानून व्यवसायी वा त्यस्तो बालक बालकल्याण गृह वा अनाथलयमा बसेको भए सो को प्रतिनिधिलाई रोहवरमा राख्नु पर्ने,
- ❖ बालबालिकालाई सोधपुछ गर्दा एक पटकमा एक घण्टाभन्दा लामो समयसम्म र रातको समयमा सोधपुछ नगर्ने,
- ❖ बालकसँग सोधपुछ गर्दा आवश्यक परेमा दोभाषेको सुविधा उपलब्ध गराई सोधपुछ गर्न सक्ने,
- ❖ बालबालिकाको मुद्दाको सुनुवाई गर्दा बाल अदालत वा बाल इजलासमा बालमैत्री वातावरणमा गर्नु पर्ने,
- ❖ यसरी सुनुवाई गर्दा बालबालिकाले बुझ्ने भाषाको प्रयोग गर्नुपर्ने,
- ❖ आरोपित बालकलाई कसूरको प्रकृति र प्राप्त साक्षी प्रमाणको सम्बन्धमा जानकारी दिनुपर्ने,
- ❖ बालकलाई सोधपुछ गर्दा बाल अदालत वा जिल्ला अदालतको छुट्टै कोठामा क्यामेरा जडान गर्नु पर्ने र सो सोधपुछको कुरा इजलासको पर्दामा देखिने गरी व्यवस्था गर्नुपर्ने,
- ❖ सोधपुछ गर्दा निजको बाबु, आमा, संरक्षक वा कानून व्यवसायीको रोहवरमा बस्नु पर्ने,
- ❖ मुद्दा दायर भएको १२० दिनभित्र फैसला गर्नुपर्ने,

- फैसलाको प्रतिलिपी सम्बन्धित बालकलाई नि:शुल्क उपलब्ध गराउनु पर्ने,
- कुनै बालकको विरूद्ध लगाइएको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा अदालतले त्यस्तो मुद्दाको कारवाही र किनार गर्न नहुने र यस्तो अवस्थामा अदालतले नै नेपाल सरकारको तर्फबाट नियुक्त भएको वैतनिक कानून व्यवसायी वा अन्य कुनै इच्छुक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्ने,
- बालकसम्बन्धी कुनै मुद्दाको कारवाही चल्दा कानून व्यवसायी, बालकको बाबु, आमा, नातेदार वा संरक्षक र मुद्दा हेर्ने अधिकारीले उपयुक्त देखी अनुमति दिएमा बालकको हक हित संरक्षण गर्ने कार्यमा संलग्न कुनै व्यक्ति वा सामाजिक संस्थाको प्रतिनिधि इजलासमा उपस्थित हुन सक्ने,
- अन्यथा व्यवस्था भएकोमा बाहेक जिल्ला अदालतले मुद्दाको कारवाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ को कार्यविधि अपनाउने,
- नेपाल सरकारले आवश्यकता अनुसार बाल अदालतको गठन गरिनसकेको अवस्थामा सम्बन्धित जिल्ला अदालतबाट मुद्दाको कारवाही र किनारा गरिने,
- यसरी किनारा गर्दा बाल इजलासबाट मुद्दा सुनुवाई गरिने तथा बाल मनोविज्ञावेत्ता र सामाजिक परिचालकको उपस्थित हुने,

  माथि उल्लिखित अवस्था पुरा नभएमा सो बमोजिम हुन सम्वन्धित पदाधिकारीलाई अनुरोध गर्नु पर्ने,

## ११. के कस्तो उमेरका बालबालिकाले कानून विपरितको कार्य गरेमा कस्तो सजाय हुन सक्छ ?

- १० वर्ष भन्दा मुनीको बालकलाई कुनै प्रकारको सजाय नहुने,
- १० वर्ष वा सो भन्दामाथि र १४ वर्ष भन्दा कम उमेरको रहेछ भने निजलाई कानून बमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई गर्ने र कैद हुने अपराध गरेकोमा कसूर हेरी ६ महिनासम्म कैद हुने,
- १४ वर्ष वा सो भन्दा माथि र १६ वर्षभन्दा मुनीको रहेछ भने उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुने,
- बालकलाई सिकाई कसैले कुनै अपराध गर्न लगाएको रहेछ भने सो सिकाउनेलाई निज आफैले अपराध गरे सरह पूरा सजाय हुने।

## १२. बालबालिकालाई कासले प्रदान गरेको हक प्रचलन गर्न कसले, कहिले र कहाउजुरी गर्नु पर्छ ?

बालकको उल्लिखित हकको प्रचलनको लागि बालकको तर्फबाट जो सुकैले पनि बालक रहे बसेको इलाकाको जिल्ला अदालतमा, कसूर भए गरेका मितिले एक वर्षभित्र जो कोहीले उजूर दिन सक्ने,

## १३. बालश्रम निषेध र नियमित गर्न के कस्ता व्यवस्थाहरू गरिएका छन् ?

- कसैले पनि १४ वर्ष उमेर पूरा नगरेका बालकलाई श्रमिकको रूपमा काममा लगाउन नहुने,
- बालकलाई खासखास प्रकृतिका जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नहुने,
- कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरूद्ध श्रमिकको रूपमा काममा लगाउन नहुने,
- कुनै प्रतिष्ठानले बालकलाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्ने,
- प्रतिष्ठानले श्रमिकको रूपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण वा जात जातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने,
- बालकलाई बेलुका ६ बजेदेखि विहान ६ बजेसम्मको अवधिभर काममा लगाउन नहुने,
- बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टा भन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउन नहुने,
- बालबालिकालाई प्रत्येक ३ घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा १ दिनको बिदा दिनुपर्ने,
- बालबालिका विरूद्ध हुने कसूरको सम्बन्धमा प्रतिष्ठानको कर्मचारी, सम्बन्धित इलाकाको प्रहरी, सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक, सम्बन्धित गाउँपालिका वा नगरपालिका, प्रतिष्ठान स्तरको ट्रेड युनियन वा बालकको हक हितको संरक्षणको निम्ति कार्यरत प्रचलित कानूनबमोजिम स्थापित निकाय वा गैरसरकारी संस्थाले सो कार्य भए गरेको मितिले १ वर्षभित्र उजुरी दिनुपर्ने,
- प्रतिष्ठानमा काम गर्ने बालकलाई कुनै पनि आधारमा भेदभाव नगरी समान कामका लागि समान पारिश्रमिक र सुविधा दिनु पर्ने,
- बालबालिका विरूद्ध कसूर गर्नेलाई कसूरको प्रकृति हेरी सबैभन्दा बढी १ वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- यस्ता प्रकृतिका अपराध भएमा श्रम कार्यालयमा उजुर दिनुपर्ने,

## १४. आपतकालिन बालउद्धार कोष को उद्देश्य के हो ?

- जोखिमपूर्ण श्रममा संलग्न रहेका, हराएको वा वेवारिस अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा रहेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक

यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको, दुर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएको, यौनशोषण, यौन दुर्व्यवहार, वेचविखन वा ओसारपसारमा परेको, हिंसाबाट प्रभावित भएको, बाबुआमा वा संरक्षकबाट बन्चित भएको, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको, सडक बालबालिका, एचआईभी. एड्स संक्रमित भएको बालबालिकालाई उद्धार गर्न राहत दिन तथा पुर्नस्थापना लगायतका काम गर्न बालबालिका उद्दार कोषको स्थापना गरिएको,

❖ माथि उल्लेखित अवस्थाका वालवालिकालाई आपतकालिन वालउद्धार कोषबाट राहत एवम् पुनर्स्थापना गराउन सकिने,

**१५. बालबालिकाका हक अधिकारहरू हनन् भएमा के गर्नु पर्दछ ?**

❖ सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गरी उपचारको खोजी गर्नु पर्दछ,

❖ प्रचलित कानूनमा उपचारको व्यवस्था नभए रिटको माध्यमबाट उपचार खोज्नु पर्दछ,

❖ बाल श्रमसँग सम्बन्धित विवादमा श्रम कार्यालयमा उजूरी दिनु पर्दछ,

**१६. नि:शुल्क कानूनी सहायता कसरी प्राप्त गर्न सकिन्छ ?**

वालवालिका संलग्न भएको फौजदारी मुद्दामा वालवालिकाको तर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व नभई मुद्दाको सुनुवाई हुनसक्दैन । कानून व्यवसायी राख्न नसकेको अवस्थामा अदालतले वैतनिक कानून व्यवसायी नियुक्त गरिदिन्छ।

सरकारवादी भई मुद्दा चल्ने विषय बाहेक अन्य विषयमा निम्नानुसार नि:शुल्क कानूनी सेवा प्राप्त गर्न सकिन्छः-

❖ सम्बन्धित जिल्ला कानूनी सहायता समितिबाट,

❖ सम्बन्धित जिल्ला अदालतमा सम्पर्क गरी बैतनिक कानून व्यवसायीबाट ।


**सम्पर्क ठेगाना:**

**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं, नेपाल

फोन नं. : ०१-४२६२७०२, ०१-४२५०९३८
ईमेल : a2jc@supremecourt.gov.np
वेभसाइट : www.supremecourt.gov.np


# बालबालिकाको अधिकारसम्बन्धी जानकारी पुस्तिका




**सर्वोच्च अदालत**
**न्यायमा पहुँच आयोग**
रामशाहपथ, काठमाडौं
२०७४